जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक १४३ २०८२ साल पुस २१ गते सोमबार (5 Jan 2026 Monday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : वर्षाको अद्यावधिक... ३ पृष्ठमा : खोटाङमा भेटियो सङ्कटापन्न ... ३ पृष्ठमा मदुरो अपदस्थपछि भेनेजुएलामा...

# मुस्लिम समाज सप्तरीद्वारा प्रदर्शन

# सामाजिक सद्भाव कायम गर्न सबैसँग आह्वान



**दैनिक समाचारदाता**
**राजविराज, २० पुस ।**

मस्जिदमा भएको तोडफोड घटनाबिरुद्ध राजविराजमा आइतबार प्रदर्शन गरिएको छ । मुस्लिम समाज सप्तरीद्वारा प्रदर्शन गरिएको हो ।

प्रदर्शनका क्रममा धनुषामा भएको मस्जिदमा तोडफोड तथा अन्य जिल्लामा मुस्लिम समुदायमाथी आक्रमण भएको भन्दै प्रदर्शनकारीले दोषिमाथी कडा कारवाहीको माग गरेका छन् ।

मुस्लिम समुदायका युवाहरुको उल्लेख्य सहभागितामा नगर क्षेत्रमा गरिएको प्रदर्शनका क्रममा विभिन्न चौकमा टायर बालेर बिरोध जनाएका छन् । सो प्रदर्शन पछी स्थानीय नेता चौकमा बिरोध सभाको आयोजना समेत गरिएको छ ।

बिरोधसभाका सहभागिहरुले केही दिनयता मुस्लिम धर्मावलम्बीहरुको आस्थाको केन्द्र तथा मुश्लिम समुदायका व्यक्तिहरुमाथी समेत आक्रमणको घटना भइरहेको भन्दै यस्ता कार्य नरोकिए आन्दोलन चर्काउने चेतावनी दिएका छन् ।

यसैबीच जिल्ला प्रशासन कार्यालय पर्साले जिल्लामा सामाजिक सद्भाव कायम गर्नका लागि सबैसँग आह्वान गरेको छ ।

वीरगञ्जमा भएको प्रदर्शनलाई मध्यनजर गर्दै समाजमा शान्तिसुरक्षा कायम राख्नका लागि पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालले सार्वजनिक अपिल गरेका हुन् । उनले सामाजिक सद्भावमा खलल पुऱ्याउने कुनै किसिमको गतिविधि नगर्न आह्वान गरेका छन् ।

"एकअर्कामा सामाजिक तथा धार्मिक वा सांस्कृतिक द्वेष भाव सृजना गरी राष्ट्रिय एकतामा आँच पुऱ्याउने वा झूठो अफवाह फैल्याई समुदायको सामाजिक मानमर्दन गर्ने काममा संलग्न व्यक्तिहरुको फेसबुक, टिकटक, इन्स्टाग्रामलगायतका सामाजिक सञ्जाल खाताको सूक्ष्म निगरानी भइरहेको छ", उनले भने, "यस्ता गतिविधिलाई गम्भीरतापूर्वक लिइ सचेत र सजग हुन पनि अनुरोध गरिन्छ ।"

समाजमा शान्ति र सहिष्णुता कायम राख्न जिम्मेवार बन्न तथा असत्य र उत्तेजक सूचना सेयर नगर्न पनि नागरिक, सञ्चारकर्मी र सामाजिक सञ्जाल प्रयोगकर्तालाई आग्रह गरिएको छ ।

धनुषामा मस्जिदमा तोडफोड र कुरान जलाएको घटनाको विरोधमा आइतबार वीरगञ्जमा भएको प्रदर्शन उग्र बनेपछि प्रहरीले ५ राउण्ड अश्रुग्यास प्रहार गरेको छ ।

प्रदर्शनकारीले प्रहरीमाथि ढुङ्गामुढा गर्नुका साथै छपकैया प्रहरी बिटमा तोडफोड गरेपछि स्थिति तनावपूर्ण बनेको थियो । पर्सा प्रहरीले प्रदर्शनकारीले प्रहरीमाथि आक्रमण गर्न थालेपछि ५ राउण्ड अश्रुग्यास प्रहार गरेको जनाएको छ ।

धनुषाको कमला नगरपालिका ६, सखुवा मरानस्थित मुस्लिम टोलको मस्जिदमा शनिबार तोडफोड र धार्मिक ग्रन्थ जलाइएको थियो । यो घटनाको सुरुवात सामाजिक सञ्जालमा पोस्ट भएको एक भिडियोबाट भएको प्रहरीले जनाएको छ ।

धनुषा प्रहरी प्रमुखका अनुसार सुरुमा दुई जना मुस्लिम युवकले हिन्दु समुदायको रक्षाबन्धन पर्वप्रति नकारात्मक सन्देश जाने भिडियो सामाजिक सञ्जालमा पोस्ट गरेका थिए । उक्त भिडियो बाहिरिएपछि आक्रोशित स्थानीय युवाहरूले दोषीमाथि कारबाहीको माग गर्दै प्रहरी चौकी घेराउ गरेका थिए ।

प्रहरीले लगत्तै भिडियो पोस्ट गर्ने दुवै युवकलाई नियन्त्रणमा लिएको थियो । प्रहरीले आरोपितहरूलाई पक्राउ गरेर कानुनी प्रक्रिया अगाडि बढाइरहेकै समयमा केही युवाको समूहले मस्जिदमा पुगेर आक्रमण गरेको प्रहरी प्रमुख कुँवरले बताए । सोही घटनाको प्रतिक्रिया स्वरूप आइतबार वीरगञ्जमा प्रदर्शन भएको हो ।

# सबै नागरिकलाई संयमित र जिम्मेवार रहन आग्रह

**दैनिक समाचारदाता**
**राजविराज, २० पुस ।**

मधेस प्रदेश सरकारले प्रदेशका बिभिन्न जिल्लाका केही स्थानमा धार्मिक, जातीय विभेद तथा सामाजिक सद्भाव र सहिष्णुतामा असर पार्ने किसिमका गतिविधि देखिन थालेको भन्दै सबै नागरिकलाई संयमित र जिम्मेवार रहन आग्रह गरेको छ ।

गृह, सञ्चार तथा कानुन मन्त्रालयले आइतबार जारी गरेको विज्ञप्तिमा पछिल्लो समय देखिएका गतिविधिप्रति सरकारको गम्भीर ध्यानाकर्षण भएको उल्लेख गर्दै अफवाह, भ्रामक सूचना तथा उत्तेजक सामग्रीमा विश्वास नगर्न र त्यस्ता सामग्रीको प्रचार-प्रसार नगर्न अनुरोध गरिएको छ ।

विज्ञप्तिमा सामाजिक सद्भाव, आपसी सम्मान र सहिष्णुता कायम राख्न सबैको सक्रिय सहयोग आवश्यक

*बाँकी तीन पृष्ठमा*

# कारले मोटरसाइकललाई ठक्कर दिदा पत्रकार कर्ण घाइते

**दैनिक समाचारदाता**
**राजविराज, २० पुस ।**

नेपाल प्रेस युनियन सप्तरीका अध्यक्ष बिनयकुमार लाल कर्ण मोटरसाइकल दुर्घटनामा परी घाइते भएका छन् ।

पत्रिकाको काम सकेर मोटरसाईकल चढेर घरतर्फ जाँदै गर्दा शनिबार राती ८ बजेतिर हुलाकी सडक अर्न्तगत सप्तरीको बिष्णुपुर गाउँपालिका १ खुरहुरीया चौक नजिकै अध्यक्ष कर्ण चढेको मोटरसाइकललाई नम्बर नखुलेको कारले ठक्कर दिएको थियो ।

ठक्करबाट पत्रकार कर्ण चढेको प्र.२-०१-००३प.४४०३ नम्बरको मोटरसाईकल समेत क्षतिग्रस्त भएको छ । सप्तरीको रुपनी गाउँपालिका निबासी ५० वर्षिय कर्ण गोरखापत्र सप्तरीका सम्वाददाता हुन ।

ठक्करबाट घाइते भएका उनको स्थानीय गजेन्द्र नारायण सिह अस्पतालमा उपचार गरिएको छ । उनको खुट्टा, हात र ढाडमा चोट देखिएको उपचारमा संलग्न चिकित्सकले बताएका छन ।

ठक्कर दिने सेतो रंगको नम्बर नखुलेको कार लिएर चालक भागेको र खोजी कार्य भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक डम्बर बहादुर पुरीले जानकारी दिए ।

प्रहरीले घट्नास्थलबाट ठक्कर दिने कारको चक्कामा प्रयोग गरिने एक थान निशान कम्पनीको रिमकोभर समेत बरामद गरेको छ ।

दुर्घटनाको खबर पाएपछी घटनास्थलमा तत्काले पुगेका पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवण कुमार देवले ठक्कर दिई फरार भएका चालक र गाडीको पत्ता लगाई कारवाही तथा घाइते पत्रकारको उपचार सहित क्षतिपुर्तीका लागी सकृय पहल गर्न स्थानीय प्रशासनसंग माँग गरेका छन ।

# हत्या गरिएका वनपालेको टाउको फेला

**दैनिक समाचारदाता**
**सर्लाही, २० पुस ।**

सर्लाहीको ईश्वरपुरमा हत्या गरिएका बनपाले रामईश्वर महतोको टाउको भेटिएको छ । ईश्वरपुर नगरपालिकास्थित सागरनाथ बन परियोजनामा बनपालेका रुपमा कार्यरत महतोको शनिबार घाँटी काटेर हत्या भएको थियो ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक सरोज राईका अनुसार शनिबार महतोको टाउको बिनाको शव भेटिएको थियो । आइतबार दिउँसो महतोको टाउको घटनास्थलबाट १०० मिटरको दूरीमा फेला परेको हो । महतोको हत्याको अनुसन्धानमा दुई बटा कुकुरसहित धनुषाको लालगढबाट प्रहरीको विषेश अनुसन्धान टोलीले पुगेको थियो ।

प्रहरीले हत्याको आशङ्कामा एक जनालाई पक्राउ गरेको जनाएको छ । यद्यपि पक्राउ परेका व्यक्ति सार्वजनिक गरिएको छैन । शनिबार बिहानै बनमा रूख काटेको आवाज सुनेपछि महतो साइकलमा त्यसतर्फ लागेका थिए । उनी अबेरसम्म घर नफर्किएपछि आफन्तले खोजी सुरु गरेका थिए ।

**भाषा र संस्कृतिको संरक्षण तथा प्रवर्धन गरौं।**

- मौलिक संस्कृतिको रक्षा गरौं।
- राष्ट्रिय पोशाक तथा मौलिक संस्कृति प्रति गौरव गरौं।
- मातृभाषाको सम्मान गरौं।
- परम्परागत कला, संगीत, नृत्य र खानेकुराको संरक्षण तथा प्रवर्धन गरौं।
- महत्वपूर्ण सभा, समारोह, विवाह, पर्व तथा उत्सवमा राष्ट्रिय पोशाकलाई प्राथमिकता दिऔं।
- सांस्कृतिक धरोहर, गुठी, मठ, मन्दिर तथा ऐतिहासिक स्थलहरुको संरक्षण र प्रवर्धन गरौं।
- सन्ततिलाई मौलिक संस्कृति, रीतिरिवाज तथा परम्पराको जानकारी गराऔं।
- आधुनिकता र प्रविधिसँगै आफ्नो मौलिक परम्परा जोगाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### दुर्घटना बढ्दै, गम्भिर बन्नु आवश्यक

पछिल्लो समय देशभर सडक दुर्घटनाको संख्या बढ्दै गएको छ । दैनिकजसो हुने सवारी दुर्घटनाले अमूल्य मानव जीवन गुमिरहेको छ । दुर्घटना केवल संयोग मात्र होइन, यो हाम्रो लापरवाही, कमजोर व्यवस्थापन र जिम्मेवारीबोधको अभावको परिणाम पनि हो । सडक दुर्घटनाको मुख्य कारणमा तीव्र गति, मापदण्डविपरीत सवारी सञ्चालन, मदिरा सेवन गरी गाडी चलाउने प्रवृत्ति, जीर्ण सडक अवस्था र ट्राफिक नियमको प्रभावकारी कार्यान्वयन नहुनु छन् । ग्रामीण भेगदेखि शहरी क्षेत्रसम्म सडक संरचना अव्यवस्थित छ । कतिपय स्थानमा संकेत चिह्नको अभाव छ भने कतै सडक मर्मत लामो समयसम्म अधुरै रहन्छ ।

दुर्घटना नियन्त्रणका लागि राज्यको भूमिका निर्णायक हुन्छ । तर सम्बन्धित निकायको कमजोर अनुगमन, कानुन उल्लंघन गर्नेहरूमाथि कडा कारबाहीको अभाव समेत छ । यसका साथै नागरिक स्वयंको चेतनास्तर पनि महत्वपूर्ण पक्ष हो । ट्राफिक नियम पालना गर्नु, सुरक्षात्मक उपाय अपनाउनु र जोखिमपूर्ण व्यवहारबाट टाढा रहनु प्रत्येक नागरिकको कर्तव्य हो । सचेतना अभिवृद्धि कार्यक्रमलाई विद्यालयदेखि समुदायस्तरसम्म प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक छ ।

तसर्थ समयमै गम्भीर कदम नचाल्ने हो भने दुर्घटनाबाट हुने क्षति झनै भयावह बन्नेछ । सडक सुधार, कडा कानुनी कार्यान्वयन, नियमित अनुगमन, श्रमिक सुरक्षामा लगानी र जनचेतना अभिवृद्धिका उपाय एकसाथ अघि बढाउनुपर्ने अहिलेको आवश्यकता रहेको छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# वर्षाको अद्यावधिक आकलन : अझै पनि कम वर्षा हुने

काठमाडौं, २० पुस (रासस) ।

जल तथा मौसम विज्ञान विभागले अझै केही महिना वर्षा सरदरभन्दा कम हुने आकलन सार्वजनिक गरेको छ । सार्वजनिक आकलनअनुसार यही पुस १७ देखि आगामी फागुन १६ गतेसम्मको अवधिमा सरदरभन्दा कम वर्षा हुने अनुमान गरिएको विभागले जनाएको छ ।

विभागका सूचना अधिकारी दिनकर कायस्थका अनुसार गत डिसेम्बरमा पनि सरदरभन्दा कम वर्षा भएको थियो । आउँदा दिनमा पनि कम वर्षाको आकलन गरिएको उहाँले बताउनुभयो ।

यही पुस १७ गतेदेखि फागुन १६ गतेको दुई महिना अवधिमा देशका अधिकांश भूभागमा सरदरभन्दा कम वर्षा हुने बताउँदै उहाँले सुदूरपश्चिम, कर्णाली प्रदेशका उत्तरी भूभाग र गण्डकी प्रदेशका उत्तर-पश्चिमी भूभागमा सरदरभन्दा कम, सरदर र सरदरभन्दा बढी वर्षा हुने सम्भावना रहेको उल्लेख गर्नुभयो ।

कायस्थका अनुसार सुदूरपश्चिम प्रदेशका मध्य भूभाग, कर्णाली, लुम्बिनी र गण्डकी प्रदेशका दक्षिणी भूभाग, बागमती प्रदेशका अधिकांश भाग, मधेस प्रदेशका मध्य भूभाग र कोशी प्रदेशका पश्चिमी भूभागमा सरदरभन्दा कम वर्षा हुने सम्भावना ५५ देखि ६५ प्रतिशत रहेको छ ।

सुदूरपश्चिमका दक्षिण-पश्चिमी भूभाग, कर्णालीका मध्य भूभाग, लुम्बिनीका उत्तरी भूभाग, गण्डकीका मध्य भूभाग, बागमतीका मध्य भूभाग, मधेसका पूर्वी तथा पश्चिमी भूभाग र कोशी प्रदेशका मध्य तथा दक्षिणी भूभागमा सरदरभन्दा कम वर्षा हुने सम्भावना ४५ देखि ५५ प्रतिशत रहेको उहाँले जानकारी दिनुभयो ।

देशका बाँकी भूभागमा सरदरभन्दा कम वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको विभागले सार्वजनिक गरेको जलवायु आकलनमा उल्लेख छ । हालसम्म प्राप्त प्रारम्भिक तथ्याङ्कअनुसार गत डिसेम्बरमा देशभर सरदरभन्दा कम वर्षा मापन गरिएको छ ।

**आकलनका आधारहरू**

विभागले यस आकलन विश्व मौसम सङ्गठनको विश्वभर तथा क्षेत्रीयस्तरको जलवायु सूचना उत्पादन गर्ने केन्द्रहरूको जलवायु प्रारुपका आकलनको आधारमा तयार गरिएको जनाएको छ ।

साथै नेपालको हिउँद अवधिको जलवायुमा प्रभाव पार्ने पूर्वी प्रशान्त महासागरमा विकसित हुने एलनिनो तथा हिन्द महासागरमा विकसित हुने इन्डियन ओसन डिप्लोइको हालको अवस्थालाई समेत मध्यनजर गरी तयार गरिएको विभागका सूचना अधिकारी कायस्थले बताउनुभयो ।

हाल प्रशान्त महासागरमा लानिनाको अवस्थामा रहेको र हिउँद ऋतुको अन्त्यसम्ममा तटस्थतर्फ जाने विश्वव्यापी प्रारुपहरूको आकलन रहेको छ । त्यसैगरी, हिन्द महासागरमा विकसित हुने इन्डियन ओसन डिप्लोइक (आइओडी) हाल तटस्थ अवस्थामा रहेको र हिउँद अवधिभर तटस्थ अवस्थामै रहने विश्वव्यापी प्रारुपहरूको आकलन गरिएको छ ।

ऋतुगत जलवायु विभिन्न सामुद्रिक तथा वायुमण्डलीय प्रणालीहरू, भूउपयोगजस्ता विषयमा निर्भर हुने र जलवायु प्रारुपहरूलाई यस्ता प्रणाली ऋतु परिवर्तन हुने समयमा शतप्रतिशत विश्वसनीय पूर्वानुमान गर्न कठिन हुने विभागका सूचना अधिकारी कायस्थले उल्लेख गर्नुभयो ।

# अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व सुनिश्चित गर्न आदेश

काठमाडौं, २० पुस (रासस) ।

सर्वोच्च अदालतले अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व सुनिश्चितताको प्रत्याभूति हुनेगरी आवश्यक व्यवस्था मिलाउन निर्वाचन आयोगलाई आदेश दिएको छ ।

न्यायाधीशद्वय हरिप्रसाद फुँयाल र टेकप्रसाद ढुङ्गानाको संयुक्त इजलासले शुक्रबार अपाङ्गता भएका व्यक्तिको नाम अनिवार्य रूपमा समावेश गरी अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व सुनिश्चितताको प्रत्याभूति हुनेगरी आवश्यक व्यवस्था मिलाउन निर्वाचन आयोगको नाममा सो आदेश दिएको हो ।

आदेशमा भनिएको छ, "निर्वाचन आयोगले सबै राजनीतिक दलले पेस गरेको बन्द सूची छानबिन गरी, संविधान र कानुनअनुसार अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व नभएमा सम्बन्धित दललाई सूची सच्याई अपाङ्गता भएका व्यक्तिको नाम अनिवार्य रूपमा समावेश गरी अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व सुनिश्चितताको प्रत्याभूति हुनेगरी आवश्यक व्यवस्था गर्नु/गराउनु हुन आदेश दिएको छ ।"

राष्ट्रिय लोकतान्त्रिक अपाङ्ग सङ्घका अध्यक्ष माधवप्रसाद चम्लागाईं, सङ्घका पूर्वअध्यक्ष तथा पूर्वसांसद प्रकाश पन्थलगायत अपाङ्गता अधिकारकर्मीहरूले वरिष्ठ अधिवक्ता सीताराम केसीको कानुनी सहायतामा यही पुस ११ गते रिट निवेदन दायर गरिएको थियो ।

रिट निवेदनमा २०७८ सालको राष्ट्रिय जनगणनाअनुसार नेपालको कुल जनसङ्ख्याको २.२ प्रतिशत (६,४७,७४४ जना) कुनै न कुनै प्रकारको अपाङ्गता भएका व्यक्ति भएको र यति ठूलो जनसङ्ख्या हुँदाहुँदै पनि समानुपातिक प्रतिनिधित्व सुनिश्चित नगर्नु समावेशी लोकतन्त्र, समान राजनीतिक सहभागिता र अन्तरराष्ट्रिय दायित्वविपरीत भएको निवेदकहरूको दाबी छ ।

# दश लाख हुन्डीको रकमसहित तीन पक्राउ

**दैनिक समाचारदाता**
**पर्सा, २० पुस ।**

पर्सा प्रहरीले १० लाख रुपैयाँभन्दा बडी हुन्डीको र कमसहित तीन जना पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा पर्साको प्रसौनी गाउँपालिका ४ देवर वानाका २२ वर्षीय पवनकुमार साह, सोही ठाउँका ३० वर्षीय मुस्ताक अनुसार र १९ वर्षीय र मपुकार पासवान छन् ।

उनीहरू शनिबार पर्साको जगरनाथपुर गाउँपालिका ३ गडैयाटोलबाट पक्राउ परेका हुन् । पक्राउ परेकाहरुको साथबाट स्रोत नखुलेका १० लाख २ हजार १० रुपैयाँ र ना.१६प.३०२० नम्बरको मोटरसाइकल समेत बरामद भएको प्रहरीले जनाएको छ ।

पर्सा जिल्ला अदालतबाट ७ दिनको म्याद थप गरी उनीहरूमाथि आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी,राजविराज

मिति :-२०८२/०९/१८

**विषयः- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना ।**

यसमा २००४ सालको जमाबन्दी श्रेष्ता बमोजिम रैती नं. ४६ गंगाई साफी धोबीको नाममा कायम रहेका साबिक प्रगन्ना जगदर मौजे राम्पुराको तपसिल बमोजिमको जग्गा गंगाई साफी धोबीको नाममा ७ नं. फाटवारीमा जि.स. पं. सखडाको तपसिल बमोजिमको जग्गा कायम भएको जग्गा २०२८ सालमा नाप नक्सा भई तपसिल बमोजिमको जग्गा स.जि.अ. राजविराजको सा.दे.नं. १९३५ मिति २०५६/११/१० को मिलापत्र बमोजिम छुट जग्गा दर्ता दा.खा. समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.वि.स. छिन्नमस्ता वार्ड नं.८ हाल छिन्नमस्ता गा.पा. वडा नं. २ बस्ने जंगल साफीको नाति मोति लाल साफीको छोरा इलाई भन्ने रामगोविन्द साफीको यस कार्यालयमा द.नं. ७८०१ मिति २०८२/०८/२१ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८२/०९/१८ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी , प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्र सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला। म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिलः

| सि.नं. | जिल्ला | सा.कि.नं | गा.वि.स | वार्ड नं | हाल कि.नं. | ज.वि. | तर्फ | |
|---|---|---|---|---|---|---|---|---|
| १ | सप्तरी | ५३७ | सखडा | ८क | २४२/३६६/६५८/७०९ | ०-१-१८ | दक्षिण पूर्व सो | यो जग्गाको फिल्डबुकको कि.नं. २४२, ३४६, ३४९ को कैफियत महलमा गं सखडा वार्ड नं. ८ मा बस्ने पुनीत, मोती, अवध,मुसहरुको समेत अदालतमा झगडा परेको,कि.नं. २३५ को कैफियत महलमा गं सखडा वार्ड नं. ८ मा बस्ने पुनीत, मोती, अवध मुसहरुको नम्बरी हो, कि.नं. १११, १४२, ६३ को गंगाई साफीको नम्बरी हो। कि.नं. ८४, २४८ को मोतिलाल साफीको नम्बरी हो जनिएको। |
| २ | सप्तरी | १०५२ | सखडा | ९ग . | १९१/२८४/४७५/५१८ | ०-०-८.७५ | धनिक लाल सो पश्चिम | |
| ३ | सप्तरी | ४०७ | सखडा | ८क | ३३५/६६६/७१४ | ०-३-१० | धनिक लाल सो पश्चिम | |
| ४ | सप्तरी | ५८६ | सखडा | ९ग | ८४ | ०-०-१० | पश्चिम सो | |
| ५ | सप्तरी | १०४७ | सखडा | ९ग | २४८ | ०-३-३ | पश्चिम सो | |
| ६ | सप्तरी | ५३८ | सखडा | ९ख | १४२/१६०/२४१/२६३ | ०-०-२.५ | धनिकलाल सो दक्षिण | |
| ७ | सप्तरी | ४१६ | सखडा | ८क | ३४६ | ०-५-६ | नथुनि साफी सो पश्चिम | |
| ८ | सप्तरी | ३४२ | सखडा | ९ग | ६३/२७६ | ०-४-० | उत्तरपूर्व सो | |
| ९ | सप्तरी | ८३७ | सखडा | ८क | ३४९ | ०-२-१ | ससिम | |

# खोटाङमा भेटियो सङ्कटापन्न सूचीमा रहेको कालोसालक

**केदार मगर**

खोटाङ, २० पुस (रासस)। अन्तर्राष्ट्रिय प्रकृति संरक्षण सङ्घको अतिसङ्कटापन्न सूचीमा रहेको कालोसालकको बसोबास खोटाङमा भेटिएको छ। प्रकृति संरक्षण तथा अध्ययन केन्द्र (एनसिएससी)ले स्थानीय सामुदायिक वन उपभोक्ता समितिसँगको सहकार्यमा खोटाङका दुई स्थानीय तहका सामुदायिक वनमा करिब छ महिना लगाएर क्यामरा ट्र्यापिङमार्फत कालोसालकको बसोबास रहेको प्रमाणित गरेको हो।

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको जालपा र खार्मी तथा रावाबेंसी गाउँपालिकाको हौँचुरका विभिन्न सामुदायिक वनमा क्यामरा ट्र्यापिङमार्फत कालोसालकको बसोबास रहेको पुष्टि भएको हो। प्रकृति संरक्षण तथा अध्ययन केन्द्रका अनुसार तीन वडाको सामुदायिक वनमा १६ प्रजातिका स्तनधारी वन्यजन्तुको बसाबोस रहेको अभिलेखीकरण गरिएको छ।

एक प्रजातिका अतिसङ्कटापन्न, तीन प्रजातिका संवेदनशील, दुई प्रजातिका सङ्कट नजिकका र १० प्रजातिका कम चासोका स्तनधारी जनावरको भिडियो तथा तस्बिर कैद गरिएको छ। त्यसमध्ये कालोसालक फेला पर्नुलाई महत्वपूर्ण उपलब्धिका रूपमा लिइएको प्रकृति संरक्षण तथा अध्ययन केन्द्र (एनसीएससी)का कार्यकारी निर्देशक जीवन राईले बताउनुभएको छ।

अध्ययनका क्रममा अतिसङ्कटापन्न अवस्थाका कालोसालकसहित संवेदनशील अवस्थाका चितुवा, थार र ध्वाँसे चितुवा, सङ्कट नजिक पुगेको आसामी बाँदर र घोरल तथा कम चासोका रतुवा मृग, गँगटे न्याउरीमुसा, ढेड्ु (लङ्गुर), सानो सुँगुरे भालु, ठूलो निरबिरालो, चरी बाघ, दुम्सी, गाजले निरबिरालो, पहाडी मलसाँप्रो र मलसाँप्रोको बासोबास रहेको प्रमाणित भएको जनाइएको छ। स्थानीय वन्यजन्तुको अवस्था पहिचान र अभिलेख राख्दै यस क्षेत्रको जैविक विविधताको महत्वलाई उजागर गर्नका लागि क्यामेरा ट्र्यापिङ गरिएको कार्यकारी निर्देशक राईले जानकारी दिनुभएको छ।

सामुदायिक वनमा आबद्ध समुदायलाई आफ्नो क्षेत्रमा रहेका जैविक विविधता, वन्यजन्तुको अनुगमन र संरक्षणका लागि आफैँले क्यामरा ट्र्यापिङ गर्ने क्षमता अभिवृद्धि गराउन कार्यक्रम सञ्चालन गरिएको जनाइएको छ।

दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-१२ जालपा, ११ खार्मी र रावाबेंसी गाउँपालिका-६ हौचुरका विभिन्न सामुदायिक वनमा १३ वटा क्यामेरा ट्र्यापिङ गरिएको थियो।

एनसिएससीले सालक संरक्षण तथा क्यामेरा ट्र्याप नतिजा पुस १९ गते जालपानमा औपचारिक कार्यक्रम गर्दै सार्वजनिक गरेको छ। सात वटा सामुदायिक वन समूहको सहकार्यमा आयोजना गरिएको कार्यक्रम दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाका नगरप्रमुख तीर्थराज भट्टराईले उद्घाटन गर्नुभएको थियो।

कार्यक्रममा सहभागी वक्ताले जिल्लामा चोरीसिकारीको बिगबिगी बढेकाले लोपोन्मुख जीवजन्तुको अस्तित्व समाप्त हुने अवस्थामा पुगेको भन्दै चिन्ता व्यक्त गरेका छन्। जिल्लामा हुने चोरीसिकारी नियन्त्रण गर्न सम्बन्धित निकायले कडाइका साथ कारबाहीको प्रक्रिया अगाडि बढाउनुपर्नेमा जोड दिएका छन्।

दश स्थानीय तह रहेको जिल्लाका अधिकांश सामुदायिक वनबाट रेडपाण्डा, सालक, बाघ, भालुलगायत वन्यजन्तुको चोरीसिकार हुँदै आएको समाचार स्रोतले जानकारी दिएको छ। जिल्लाका कतिपय स्थानीय तहका सामुदायिक वनमा प्रहरी प्रशासनकै मिलेमतोमा चोरीसिकार हुने गरेको समाचार स्रोतको दाबी छ।

# प्याब्सनद्वारा 'प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन विभाग' गठन

काठमाडौँ, २० पुस (रासस)। निजी तथा आवासीय विद्यालय अर्गा० नाइजेसन नेपाल (प्याब्सन)ले प्राकृतिक प्रकोप तथा विपद्का समयमा सदस्य विद्यालय तथा सम्बद्ध व्यक्तिहरूलाई व्यवस्थित र प्रभावकारी सहयोग उपलब्ध गराउने उद्देश्यले 'प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन विभाग' गठन गरेको छ।

बाढीपहिरो, भूकम्प, महामारीजस्ता प्राकृतिक प्रकोपले बेलाबेलामा देशभर प्रभाव पार्ने तथा त्यसका प्रत्यक्ष प्रभाव शिक्षा क्षेत्र र निजी विद्यालय समुदायलाई राहत सहयोग विभागमार्फत उपलब्ध गराउने प्याब्सनले जनाएको छ।

महासचिव आरबी कटवालका अनुसार बिगतका वर्षहरूमा विपद्का बेला राहत, संकलिकरण र समन्वयका विभिन्न मानवीय अभियानहरू सञ्चालनको अनुभवलाई संस्थागत रूप दिन विभागले भूमिका निर्वाह गर्नेछ।

प्याब्सन केन्द्रीय कार्यसमितिको निर्णयअनुसार गठन गरिएको विभागको कार्यविधि तथा सञ्चालन मोडालिटी तयारीको जिम्मेवारी केन्द्रीय उपाध्यक्ष रविन्स शर्मालाई प्रदान गरिएको छ। शर्माको संयोजनमा गठन हुने समितिमार्फत विपद् व्यवस्थापन, राहत सङ्कलन, सहयोग वितरण तथा आपतकालीन समन्वयका गतिविधि दिगो र प्रभावकारी रूपमा अघि बढाइने अपेक्षा संस्थाले गरेको छ।

संस्थाले यस मानवीय तथा संस्थागत सहयोग अभियानमा सम्पूर्ण सदस्य विद्यालय, पदाधिकारी तथा प्रदेश, जिल्ला र पालिका संरचनाहरूलाई सक्रिय सहकार्य र समन्वयका लागि आह्वान गरेको छ।

इच्छुक व्यक्ति तथा संस्थाहरूले 'प्याब्सन रिलिफ फन्ड' नाममा नेपाल इन्भेष्टमेन्ट मेगा बैंक खाता नं. ००१००६०२६६१७५ मा वा क्यूआर माध्यमबाट सहयोग रकम जम्मा गर्न सक्ने व्यवस्था मिलाइएको प्याब्सनले जनाएको छ।

प्याब्सनका अनुसार विपद्का बेला राज्यबाट प्राप्त हुने सहयोग सधैँ पर्याप्त हुन नसक्ने अवस्थामा संस्थागत रूपमा पीडित सदस्यप्रति सहानुभूति, सहयोग र उत्तरदायित्वपूर्ण सहभागिता जनाउनु सामूहिक दायित्व भएकाले यो पहल गरिएको हो।

***सबै नागरिकलाई ...***

रहेको जनाउँदै कुनै पनि शंकास्पद गतिविधि देखिएमा नजिकको प्रशासन वा सुरक्षा निकायलाई तत्काल जानकारी गराउन आग्रह गरिएको छ।

मन्त्रालयका प्रवक्ता राधे शंकर प्रसाद पालद्वारा जारी विज्ञप्तिमा शान्ति, सुव्यवस्था र सामाजिक एकता कायम राख्न सबै पक्ष जिम्मेवार बन्नुपर्नेमा जोड दिइएको छ।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी,राजविराज

मिति :-२०८२/०९/१८

**विषयः- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।**

यसमा २००४ सालको जमाबन्दी श्रेष्ता बमोजिम रैती नं. ४६ गंगाई साफी धोबीको नाममा कायम रहेका साबिक प्रगन्ना जगदर मौजे राम्पुराको तपसिल बमोजिमको जग्गा गंगाई साफी धोबीको नाममा ७ नं. फाटवारीमा जि.स. पं.सखडाको तपसिल बमोजिमको जग्गा २०२८ सालमा नाप नक्सा भई तपसिल बमोजिमको जग्गा स.जि.अ. राजविराजको सा.दे.नं. १९३५ मिति २०५६/११/१० को मिलापत्र बमोजिम छुट जग्गा दर्ता दा.खा. समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.वि.स. छिन्नमस्ता वार्ड नं.८ हाल छिन्नमस्ता गा.पा. वडा नं. २ बस्ने जंगल साफीको नाति मोति लाल साफीको छोरा मौजे लाल साफीको यस कार्यालयमा द.नं. ७८०२ मिति २०८२/०८/२१ गतेमा माग निवेदन परी हकदाबी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्ने मिति २०८२/०९/१८ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी, प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला। म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिलः

| सि.नं. | जिल्ला | सा.कि.नं. | गा.वि.स. | वार्ड नं. | हाल कि.नं. | ज.वि. | तर्फ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सप्तरी | ५८५ | सखडा | ९ग | ८२/२६६/५१२ | ०-३-० | उत्तर पूर्व सो | यो जग्गाको फिल्डबुकको कि.नं. ३४६, ३७०, २२९, ९३, २५५, १३९ को कैफियत महलमा प सखडा वार्ड नं. ८ मा बस्ने पुनीत, मोती, अवध मुसहरुको समेत अदालतमा झगडा परेको, कि.नं. ३३१ कैफियत महलमा पं सखडा वार्ड नं. ८ मा बस्ने पुनीत, मोती, अवध, मुसहरुको नम्बरी हो। कि.नं. ८२, १९१, १४२, ६३, १८० को गंगाई साफीको नम्बरी हो जनिएको। |
| २ | सप्तरी | १०५२ | सखडा | ९ग | १९१/३८४/४७५/५१८ | ०-०-८.७५ | नयुनितो पश्चिम | |
| ३ | सप्तरी | ४०७ | सखडा | ८क | २३५/६६६/७१४ | ०-१-० | बीचबाट | |
| ४ | सप्तरी | ५३८ | सखडा | ९ख | १४२/१६०/२४१/२६३ | ०-०-२.५ | नयुनि सो पश्चिम | |
| ५ | सप्तरी | ४१६ | सखडा | ८क | ३४६ | ०-४-१९ | रामगोबिन सो पश्चिम | |
| ६ | सप्तरी | २८५ | सखडा | ८क | २७२/३७० | ०-१-१३ | दक्षिण सो | |
| ७ | सप्तरी | २०३ | सखडा | ८क | २२९/३६८/६६१ | ०-२-३ | बिच सो | |
| ८ | सप्तरी | ८४५ | सखडा | ८क | ९३/३६४/६६३/७११ | ०-२-० | उत्तर पश्चिम सो | |
| ९ | सप्तरी | ३४२ | सखडा | ९ग | ६३/२७६ | ०-२-० | पश्चिम उत्तर सो | |
| १० | सप्तरी | ३१२ | सखडा | ९ग | १८०/२८२ | ०-०-१५ | दक्षिण पूर्व सो | |
| ११ | सप्तरी | ९९७ | सखडा | ८क | २५५ | ०-०-६ | ससिग | |
| १२ | सप्तरी | १०४५ | सखडा | ८क | १३९ | ०-०-१५ | ससिग | |

## विश्व समाचार

### मदुरो अपदस्थपछि भेनेजुएलामा अमेरिकी हस्तक्षेप

काराकास, २० पुस (रासस/एपी)।

भेनेजुएलाका राष्ट्रपति निकोलस मदुरोलाई सत्ताबाट हटाएर देश बाहिर लगिएको केही घन्टापछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले संयुक्त राज्य अमेरिकाले कम्तीमा अस्थायी रूपमा भेनेजुएला चलाउने र यसको विशाल तेल भण्डार अन्य राष्ट्रहरूलाई बिक्री गर्ने योजना बनाएको बताउनुभएको छ। उहाँले शनिबार पत्रकारहरूसँग कुरा गर्दै नेतृत्वको शून्यतालाई प्रयोग गरी तेल पूर्वाधार सुधार्ने र ठूलो परिमाणमा तेल निर्यात गर्ने तयारी रहेको स्पष्ट गर्नुभयो।

यो नाटकीय घटनाक्रम दक्षिण अमेरिकी राष्ट्र भेनेजुएलामाथि ट्रम्प प्रशासनले महिनौंदेखि गर्दै आएको गहिरो दबाब र गोप्य योजनाको परिणामका रूपमा देखिएको छ। सन् २००३ मा इराक आक्रमणपछि शासन परिवर्तन हासिल गर्ने यो सबैभन्दा आक्रामक अमेरिकी कदम मानिएको छ। तर, कङ्ग्रेसको स्वीकृति बिना गरिएको यस सैन्य कारबाहीको कानूनी वैधतामाथि कानूनी विज्ञहरूले तुरुन्तै प्रश्न उठाएका छन्।

मदुरो र उहाँकी पत्नी सिलिया फ्लोर्सलाई राजधानी काराकासस्थित एक सैन्य आधारको निवासबाट रातारात नियन्त्रणमा लिई अमेरिकी युद्धपोतमार्फत अमेरिका लगिएको थियो। उनीहरूलाई 'नार्को-आतङ्कवाद' षड्यन्त्रमा संलग्न भएको आरोपमा अभियोजनका लागि ल्याइएको अमेरिकी अधिकारीहरूले बताएका छन्। मदुरोलाई बोकेको विमान शनिबार अपराह्न न्युयोर्क नजिकै अवतरण गरेपछि सङ्घीय एजेन्टहरूको कडा सुरक्षाबीच उहाँलाई म्यानहट्टनस्थित अमेरिकी लागुऔषध नियन्त्रण प्रशासन (डिइए) कार्यालय लगिएको थियो। ब्रुकलिनको सङ्घीय जेलमा मुद्दाको पर्खाइमा उहाँलाई हिरासतमा राखिने अपेक्षा गरिएको छ।

ह्वाइट हाउसद्वारा सार्वजनिक गरिएको भिडियोमा मदुरो मुस्कुराउँदै डिइए एजेन्टहरूको साथमा देखिनुभएको छ। यद्यपि अमेरिकी अधिकारीहरूले तत्काल उहाँ जेलमा रहेको औपचारिक पुष्टि गरेका छैनन्। यस कदमबारे भेनेजुएलाकी उपराष्ट्रपति डेल्सी रोड्रिग्जले कडा आपत्ति जनाउँदै मदुरोलाई तत्काल रिहा गरी देशको वैध नेता मान्नुपर्ने माग गर्नुभएको छ। भेनेजुएलाको कानूनअनुसार उहाँले अन्तरिम भूमिका ग्रहण गर्न सक्ने व्यवस्था भए पनि रोड्रिग्जले राज्य टेलिभिजनमार्फत आफू सत्ता लिन इच्छुक नरहेको र 'भेनेजुएलामा एक मात्र राष्ट्रपति निकोलस मदुरो मोरोस नै हुनुहुन्छ' भन्ने धारणा व्यक्त गर्नुभयो।

ट्रम्प प्रशासनले यो अपरेसनलाई अमेरिकामा लागुऔषधको अवैध प्रवाह रोक्ने कदमका रूपमा व्याख्या गरेको छ। राष्ट्रपति ट्रम्पले मार-ए-लागोमा आयोजित पत्रकार सम्मेलनमा 'सुरक्षित र विवेकपूर्ण सङ्क्रमण सम्भव नहुन्जेलसम्म अमेरिकाले भेनेजुएलाको प्रशासनमा सहयोग गर्ने' बताउनुभयो। उहाँले यसलाई अमेरिकी सार्वभौमिकता र नागरिकको सुरक्षामाथि खतरा पुऱ्याउनेहरूप्रति कडा चेतावनीका रूपमा पनि वर्णन गर्नुभयो।

शनिबार बिहान काराकासमा विस्फोटहरू सुनिनुका साथै कम उचाइमा सैन्य विमानहरू उडेको देखिएको थियो। भेनेजुएलाको सरकारले यसलाई 'साम्राज्यवादी आक्रमण" भन्दै नागरिक र सैन्य प्रतिष्ठानहरूमा क्षति पुगेको आरोप लगाएको छ'। आक्रमण करिब ३० मिनेट चलेको बताइन्छ। उपराष्ट्रपति रोड्रिग्जका अनुसार केही नागरिक र सुरक्षाकर्मी मारिएका छन्, तर सङ्ख्या खुलाइएको छैन। अमेरिकी पक्षले भने केही सैनिक घाइते भए पनि मृत्यु नभएको जनाएको छ।

मदुरोको कब्जापछि काराकासका केही क्षेत्रमा समर्थकहरू सडकमा उत्रिएर विरोध प्रदर्शन गरे भने अन्य स्थानहरू सुनसान देखिए। बिजुली अवरुद्ध भएका क्षेत्रहरूमा त्रासको वातावरण थियो। "सबैजना डराएका छन्, धेरै परिवार सुत्न सकेनन्", काराकासका बासिन्दा नोरिस प्रादाले भन्नुभयो। यसबीच, अमेरिकाको फ्लोरिडास्थित डोरल सहरमा ठूलो भेनेजुएलाली समुदायले मदुरोको पतनलाई स्वागत गर्दै उत्सव मनाएको देखियो।

अन्तर्राष्ट्रिय रूपमा पनि यस घटनाले तरङ्ग ल्याएको छ। कोलम्बियाको आग्रहमा संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले भेनेजुएलामा अमेरिकी सैन्य अपरेसनबारे छलफल गर्न आपतकालीन बैठक बोलाउने तयारी गरेको कूटनीतिक स्रोतहरूले जनाएका छन्। अमेरिकी कङ्ग्रेसका दुवै दलका केही सांसदहरूले कङ्ग्रेसको स्वीकृति बिना गरिएको आक्रमणप्रति गम्भीर चिन्ता व्यक्त गर्दै प्रशासनसँग यसको कानूनी आधार र क्षेत्रीय स्थिरताबारे स्पष्ट जवाफ माग गरेका छन्।

### म्यानमा सेनाद्वारा ६ हजारभन्दा बढी कैदी रिहा गर्ने घोषणा

याङ्गुन, म्यानमा, २० पुस (रासस/एएफपी)।

म्यानमाको सैन्य सरकारले देशको स्वतन्त्रता दिवसको अवसरमा वार्षिक 'क्षमायोजन कार्यक्रम' अन्तर्गत ६ हजारभन्दा बढी कैदी रिहा गर्ने घोषणा गरेको छ। सैन्य शासनको राष्ट्रिय सुरक्षा परिषद्को विज्ञप्तिमा भनिएको छ,"सङ्घीय गणराज्य म्यानमारका कार्यबाहक राष्ट्रपतिले विभिन्न जेल, हिरासत केन्द्र र शिविरमा सजाय भोगिरहेका ६ हजार १३४ जना पुरुष र महिला कैदीलाई क्षमादान प्रदान गर्नुभएको छ।"

सैगरी ५२ जना विदेशी कैदी पनि रिहा गरी आफ्ना देशमा प्रत्यर्पण गरिने बताइएको छ। फेब्रुअरी सन् २०२१ मा भएको सैनिक विद्रोपपछि हजारौं प्रदर्शनकारी र मानवअधिकारकर्मीलाई पक्राउ गरिएको थियो। यसले म्यानमाको छोटो लोकतान्त्रिक अनुभवलाई समाप्त पार्दै देशलाई गृहयुद्धतर्फ धकेल्यो।

राष्ट्रिय सुरक्षा परिषद्का अनुसार, वार्षिक कैदी रिहाइ कार्यक्रम 'मानविय र दयालु कारण' का आधारमा आयोजना गरिएको हो। शनिबार बिहान याङ्गुनस्थित इन्सेइन जेल बाहिर सयौं नागरिकहरूले आफ्ना परिवारका सदस्यहरूको रिहाइको प्रतीक्षामा कागजात बोकेर उपस्थित भएका थिए। यसैबीच, म्यानमाको सेनाले महिना लामो चरणबद्ध निर्वाचन सुरु गरेको छ। सेनाले यसलाई लोकतन्त्र फर्काउने प्रयासको रूपमा प्रचार गरे पनि मानवअधिकारकर्मी र पश्चिमी कूटनीतिज्ञहरूले यसलाई सैनिक शासनको पुन: ब्रान्डिङ भएको भन्दै आलोचना गरेका छन्।

सैन्य समर्थक युनियन सॉलिडारिटी एण्ड डेभलपमेन्ट पार्टी (यूएसडीपी)ले पहिलो चरणमा निर्णायक अग्रता लिएको छ। आधिकारिक नतिजा अनुसार हालसम्म तल्लो सदनका ९० प्रतिशत सीट यूएसडीपीले जितेको छ।

# जाडोमा हिटर तथा गिजरको प्रयोग गर्दा सावधानी अपनाउन आग्रह

काठमाडौं, २० पुस (रासस) ।
जाडोयाम सुरु भइसकेको छ । तराईमा शीतलहरका कारण जीवनयापन कठिन बनिरहेको छ । जाडोयाममा शरीर र कोठालाई न्यानो राख्न आगो ताप्ने, कोइला बाल्ने, हिटर बाल्ने र गिजरको प्रयोग गरिने हुँदा यस्ता उपकरणहरूको प्रयोगमा आवश्यक सावधानी अपनाउन चिकित्सकले अनुरोध गरेका छन् ।

यी उपकरणहरुको प्रयोगमा सावधानी नअपनाउँदा बर्सेनि मृत्यु र अस्पतालमा भर्ना हुने घटनाहरू घटिरहेका छन् । केही दिन अघि मात्र सुर्खेतमा कोइला बालेर सुतेको अवस्थामा एक ३८ दिनको शिशुको मृत्यु भएको छ भने परिवारका तीन जना बेहोससमेत भए ।

न्यानो बनाउने विभिन्न उपकरणहरूको प्रयोग गर्दा घरमा हावा सञ्चालन प्रणाली राम्रो नभएमा कोठामा 'कार्बन मोनोअक्साइड' जस्तो विषाक्त ग्यास जम्मा हुन सक्छ । यो ग्यास गन्ध, रङ्ग र स्वादरहित हुन्छ जसको सम्पर्कमा लामो समयसम्म रहँदा गम्भीर स्वास्थ्य समस्या हुने वा ज्यान जान सक्दछ ।

कन्सलटेन्ट जेनेरेल फिजिसियन डा विवेकराज पौडेल भन्नुहुन्छ, "आगो, कोइला बल्न, ग्यास गिजर चलान अक्सिजन चाहिन्छ । त्यसले बलेर निक्लिने बाइप्रोडक्ट चाहिँ 'कार्बोन डाइअक्साइड' र कार्बोन मोनोअक्साइड' हो । यी दुवै ग्यास बाहिर वातावरणमा मिसिन्थ्यो भने खासै फरक पर्दैन । बन्द कोठामा अक्सिजन सकिएर यी दुई ग्यास मात्र हुँदा हाम्रो शरीरले त्यो लिन बाध्य हुन्छ ।" उहाँका अनुसार यसका कारण मुटुको चालमा गडबड आउने, होसमा नहुने, सास फेर्न नसक्ने, रगतमा समस्या, एसिडको मात्रा बढ्ने जस्ता खालका अवस्थाहरु सिर्जना गर्न सक्छ ।

डा पौडेल ती अवस्थामा फसेकालाई जति सक्दो छिटो उद्धार गरेर बाहिरी वातावरणमा राख्ने र अस्पतालमा 'हाइ फ्लो' अक्सिजनमा राख्नुपर्ने बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "घटना थाहा पाइसकेपछि सकेसम्म छिटो उद्धार गर्नुपर्छ जसले गर्दा तत्कालीनका साथै दीर्घकालीन असरबाट बचाउन सकिन्छ । दीर्घकालीनमा कसैकोमा पहिलाको जस्तो चनाखोपन, मानसिक अवस्था छिटो छरितो नहुने र भुल्ने समस्या देखिन सक्ने हुन्छ ।"

बर्सेनि यस्ता खालका दुर्घटना बढे पनि सर्वसाधारणहरु अझै यसबारे सचेत हुन नसकेको विज्ञ बताउनुहुन्छ । "विभिन्न विद्युतीय उपकरणका साथै कोइला बाल्ने, आगो ताप्ने काम गर्नु छ भने बन्द कोठा राम्रो होइन । कोठा तथा बाथरुममा भेन्टिलेशन हुनुपर्छ । सकेसम्म शरीर न्यानो राख्न न्यानो कपडा लगाउने, ओढ्ने चिजहरु प्रयोग गर्नुपर्छ । सुत्नुअघि कोइला निभाएर मात्र सुत्ने । यो मात्र नभइ हरेक सामानको प्रयोग गर्दा बन्द गरेर सुत्नु सबैभन्दा उत्तम उपाय हो", डा पौडेल सुझाउनुहुन्छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले एक सूचना जारी गर्दै जाडोमा आगो ताप्दा, हिटर चलाउँदा वा गिजरको प्रयोग गर्दा निम्न सावधानीहरु अपनाउन आग्रह गरेको छ :

- हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने ।
- कोइलाजन्य स्रोतबाट सकेसम्म आगो नताप्ने ।
- आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराख्ने ।
- आगो तापिसकेपछि त्यसलाई पूर्ण रूपमा निभाउने ।
- हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने ।
- सुत्नुअघि अनिवार्य रूपमा हिटर बन्द गर्ने ।
- गिजरको मुख्य मेसिनलाई बाथरूम बाहिर खुला ठाउँमा जडान गर्ने ।
- गिजर खोलेर लामो समयसम्म बाथरूममा नबस्ने ।
- गिजर प्रयोग गरेर नुहाउँदा सम्भव भएसम्म बाथरूमको झ्याल बन्द नगर्ने ।

# गृहमन्त्री अर्यालसँग मुस्लिम समुदायका प्रतिनिधिको छलफल

काठमाडौं, २० पुस (रासस) ।
गृहमन्त्री ओमप्रकाश अर्यालसँग मुस्लिम समुदायका तीन छुट्टाछुट्टै समूहका प्रतिनिधिले गृह मन्त्रालयमा आइतबार सामूहिक भेटवार्ता गर्नुभएको छ ।

भेटमा मुस्लिम समुदायबाट राष्ट्रिय मुस्लिम समन्वय समितिका पदाधिकारी र सङ्घीय लोकतान्त्रिक गठबन्धनका प्रतिनिधिहरुले आइतबार गृहमन्त्रीसँग सामूहिक भेटवार्ता गर्दै समुदायको ज्ञापनपत्रसमेत बुझाउनुभएको छ ।

भेटमा समुदायले बुझाउनुभएका दुई छुट्टाछुट्टै ज्ञापनपत्र बुझ्दै गृहमन्त्री अर्यालले एकअर्काको धर्म र सम्प्रदायमाथि खलल पुर्‍याउने जोकोहीलाई सरकार र गृह प्रशासन तुरुन्त कारबाहीको दायरामा ल्याउन कटिबद्ध रहेको बताउनुभयो । मन्त्री अर्यालले प्रदेश र जिल्ला तहमा धार्मिक आस्था र सहिष्णुता कायम गर्नु नै अहिलेको प्रमुख आवश्यकता रहेको बताउनुभयो ।

शान्तिसुरक्षा कायम गर्नु नै गृह प्रशासनको प्रमुख जिम्मेवारी भएको बताउनुहुँदै गृहमन्त्री अर्यालले यस कार्यमा प्रदेश सरकार र सम्बन्धित जिल्ला प्रशासन कार्यालय र प्रहरी तथा अन्य समुदायले पनि उत्तिकै सक्रिय भूमिका खेल्ने रहनेमा जोड दिनुभयो ।

"कानुन हात लिएर कसैले कुनै शक्ति र समूहमा आबद्धता भएकै नाममा गैरकानुनी कार्य गर्छ भने त्यसलाई सरकारले आवश्यक कारबाहीको दायरामा ल्याइनेछ", मन्त्री अर्यालले भन्नुभयो ।

भेटका राष्ट्रिय मुस्लिम समन्वय समितिबाट मोहम्मद युनुस अहमर (हास्मी), मौलाना मजरुल हसन, सीमा खान, मौलाना खुसिद आलम र ताज मोहमद मियाँ, जमियाद उलमाह नेपालका तर्फबाट प्रतिनिधिबाट राष्ट्रिय सभा सदस्य खालिद सिद्दिकी, कल्पना मियाँ, नेपाल हज कमिटीका अध्यक्ष मोख्तर अहमद, ताज मोहम्मद मियाँ र मोहम्मद फलाउ उल्लाह र सङ्घीय लोकतान्त्रिक गठबन्धनकोतर्फबाट मोहम्मद रिजवान अन्सारी, विमला अन्सारीलगायतका प्रतिनिधिले समुदायमा बढ्दै गइरहेका केही असामाजिक, धार्मिक सहिष्णुता भड्काने खालका गतिविधि र आगामी फागुन २१ गतेको निर्वाचनका लागि शान्ति सुव्यवस्था खलबलिनसक्ने वातावरणतर्फ समुदायका प्रतिनिधिहरूले मन्त्री अर्यालको ध्यानाकर्षण गराउनुभएको थियो ।

# निर्वाचन आचारसंहिता-निर्वाचनमा बालबालिका प्रयोग गर्न पाइँदैन

काठमाडौं, २० पुस (रासस) ।
आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि तय भएको आचारसंहितामा सरकारी तथा अर्धसरकारी निकायले कुनै पनि दलको पक्ष विपक्षमा कुनै पनि गतिविधि गर्न नपाइने गरी आचारसंहिता तय गरिएको छ ।

निर्वाचन आयोगले तय गरेको आचारसंहितामा कुनै पनि परियोजनाको स्रोत साधन र सम्पत्ति कुनै दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रयोग हुनेगरी कुनै पनि साधन तथा स्रोत उपलब्ध गराउन नपाइने व्यवस्था गरिएको छ । आयोगले सञ्चालन गर्ने निर्वाचन व्यवस्थापन र मतदाता शिक्षालगायत अन्य कार्यक्रममा कुनै किसिमले अवरोध हुनेगरी कुनै कार्य गर्न वा निर्वाचनसँग सम्बन्धित सामग्री वा सूचनालाई बिगार्न वा कुनै किसिमले थपघट गर्न वा गराउन पाइने छैन ।

आचारसंहिताअनुसार कुनै सरकारी वा अर्धसरकारी निकाय वा सार्वजनिक संस्था वा विश्वविद्यालय वा विद्यालय वा महाविद्यालयको क्षेत्र प्रयोग गरी निर्वाचनसम्बन्धी भेला वा प्रचारप्रसार गर्न वा गराउन पाइने छैन। • । राजनीतिक दल वा उम्मेदवारको निर्वाचन चिह्नअङ्कित ज्याकेट, कमिज, भेस्ट, टिसर्ट, टोपी वा क्याप, गम्छा, मास्क, लकेट वा अन्य कुनै किसिमको पहिरन वा स्टिकर, लोगो, झोला, ब्याच, टयाटुजस्ता साङ्केतिक सामग्री उत्पादन गर्न, प्रयोग गर्न, बिक्री वितण गर्न वा प्रदर्शन गर्न गराउन नपाइने व्यवस्था गरिएको छ ।

घर वा जग्गाधनीको स्वीकृति नलिई कसैको निजी संस्था वा संस्थागत स्वामित्वको घरजग्गामा राजनीतिक गतिविधि वा प्रचारप्रसार गर्न वा गराउन नहुने व्यवस्था आचारसंहितामा गरिएको छ । बालबालिकालाई निर्वाचनको प्रचारप्रसारमा प्रयोग गर्न वा गराउन नपाइने व्यवस्थासमेत आचारसंहितामा गरिएको छ । सार्वजनिक आवागमनमा अवरोध हुने गरी कुनै प्रकारको जुलुस, आमसभा, कोणसभा, बैठक, भेला वा निर्वाचन प्रचारप्रसारसमेत गर्न नपाइने व्यवस्था आचारसंहितामा गरिएको छ । सामाजिक सञ्जालमा गलत, भ्रामक, द्वेषपूर्ण सूचना प्रवाह गर्न वा गराउनसमेत नपाइने व्यवस्था आचारसंहितामा गरिएको छ ।

# अत्यधिक चिसो बढेकाले अत्यावश्यक कामबाहेक बाहिर ननिस्कन अनुरोध

काठमाडौं, २० पुस (रासस) ।
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले अत्यधिक चिसो बढिरहेकाले स्वास्थ्य प्रतिकूल हुनसक्ने भन्दै अत्यावश्यक कामबाहेक बाहिर ननिस्कन सर्वसाधारणमा अनुरोध गरेको छ ।

मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले चिसोले गर्दा रुघाखोकी, ज्वरो, दम बढ्ने वा सास फेर्न गाह्रो हुने, हाइपोथर्मियालगायत लक्षण भएका बिरामीको सङ्ख्या बढ्ने भएकाले चिसोमा बाहिर ननिस्कन अनुरोध गर्नुभएको हो ।

"जाडोयाम सुरु भएसँगै सामान्यभन्दा तापक्रम कम भएर विभिन्न क्षेत्रमा हुने शीतलहर, हुस्सु, कुहिरो र हिमपात जस्ताले जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने तथा रुघाखोकी, ज्वरो, दम बढ्ने वा सास फेर्न गाह्रो हुने, हाइपोथर्मिया जस्ता लक्षण भएका बिरामीहरू बढ्ने गरेका छन्,," उहाँले भन्नुभयो ।

उहाँले चिसोका कारण देखिने समस्या रहिरहे वा बढेमा ढिला नगरी नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्न वा हेलो स्वास्थ्य कल सेन्टर ११९५ बाट परामर्श लिनसमेत अनुरोध गर्नुभएको छ । उहाँका अनुसार जाडोयाममा बालबालिका, गर्भवती, वृद्धवृद्धा तथा दीर्घरोगी बढी जोखिम हुने गरेको छ ।

मन्त्रालयका प्रवक्ता डा बुढाथोकीले पछिल्ला वर्षहरूमा जाडोयामसँगै बढ्ने वायु प्रदूषणले मुटु, फोक्सो, मस्तिष्कलगायत अङ्गमा गम्भीर असर पार्नाका साथै दम, क्यान्सरजस्ता दीर्घरोगको जोखिम र मृत्युदर बढाउने बताउनुभयो ।

"चिसोका कारण उत्पन्न हुने सक्ने लक्षण वा रोगलाई न्यून गर्न तथा लाग्न नदिन, धुवाँधुलोबाट बच्ने, पोषणयुक्त सन्तुलित खाना खाने, न्यानो लुगा लगाउने, भिटामिनसी पर्याप्त मात्रा भएका सुन्तला, कागती र अमला खाने, मौसम अनुसारको ताजा फलफूल तथा सागपात पर्याप्त मात्रामा खाने, सरसफाइमा ध्यान दिने र प्रशस्त मात्रामा झोल पदार्थ खाने गर्नुपर्ने हुन्छ", उहाँले भन्नुभयो ।

## माईग्रेशन सर्टिफिकेट हराएको सूचना

राजविराज नगरपालिका वडा नं. २ (हाल १) निवासी अर्जुन कुमार दासको रजिष्ट्रेशन नं. ६८१५११०१३, माइग्रेशन सि.न. ३६६६४० National Examination Board को माईग्रेशन सर्टिफिकेट २०८२ मंसिर १० गते राजविराजस्थित राजदेवी चौकबाट उपयोगि मोडसम्म आउँदै गरेको अवस्थामा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा ९८०४७०३०८९ मा सम्पर्क गर्नुहोला ।

**नाम : अर्जुन कुमार दास**
**ठेगाना : राजविराज २, (हाल १), सप्तरी**
**रजिष्ट्रेशन नं. : ६८१५११०१३**
**सि.नं. : ३६६६४०**


**हरहर महादेव जय श्रीराम ॐ नमः शिवाय**







**यही मिति २०८२ माघ १ गते माघे मकर संक्रान्तिको पावन अवसरमा राजविराज नगरपालिका वडा नं.-७ स्थित प्राचिन महादेव श्री हरिनन्देश्वर महादेव मन्दिर प्राङ्गणमा भण्डारा"को आयोजना गरिने भएकोले सम्पूर्ण जिल्लाबासी, साधुसन्त महन्थ एवं भक्तजनहरु लाई यस सुखद घडीमा भण्डारामा सहभागी भई प्रसाद ग्रहण गरि गराई दिनु हुन सादर आमन्त्रण गरिन्छ ।**

**स्थानः**
**प्राचिन महादेव श्री हरिनन्देश्वर महादेव मन्दिर प्राङ्गण राजविराज नगरपालिका -७**

**समय : २०८२/१०/०१ गते बिहीबार ११ बजे देखि ७:०० बजे सम्म**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*